
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र


Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ७३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत १४ गते बुधबार ❑ 27 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## उपप्रधानमन्त्री श्रेष्ठ र चिनियाँ समकक्षी वाङबीच भेटवार्ता

**रासस**
काठमाडौं, १३ चैत



उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ र उहाँका चिनियाँ समकक्षी वाङ यीबीच आज द्विपक्षीय भेटवार्ता भएको छ । बेइजिङस्थित स्टेट गेष्ट हाउसमा मंगलबार अपराह्न भएको भेटवार्तामा उहाँहरूबीच द्विपक्षीय सम्बन्धका विविध विषयमा विचारविमर्श भएको थियो ।

भेटमा उहाँहरूबीच दुई देशबीचको सम्बन्धलाई थप सुदृढ र प्रगाढ बनाएर लैजानेबारेमा छलफल भएको थियो। प्रतिनिधिमण्डलस्तरमा भएको उक्त वार्तामा नेपाल-चीन सीमा क्षेत्रमा रहेका १४ वटा परम्परागत नाकालाई तुरुन्त सञ्चालनमा ल्याउने समझदारी भएको छ।

भेटमा चिनियाँ विदेशमन्त्री वाङले विभिन्न प्रयोजनका लागि चीन आउने नेपाली नागरिकलाई प्रवेशाज्ञा (भिषा) शुल्क फ्रि गर्न चीन सकारात्मक भएको जानकारी दिँदै त्यसलाई चाँडै नै कार्यान्वयनमा लैजाने विश्वास दिलाउनुभएको थियो । नेपालले पनि केही समयदेखि चिनियाँ नागरिकलाई भिषा शुल्क फ्रि गरिरहेको छ । उहाँहरूबीच नेपाल-चीन अन्तरदेशीय प्रसारण निर्माणलाई छिटो अघि बढाउने तथा यसअघि सचिवस्तरमा रहेको उच्चस्तरीय परामर्श संयन्त्रलाई मन्त्रीस्तरीय बनाउने सहमति भएको छ । नेपाल र चीनबीच बेल्ट एण्ड रोड इनिसियटिभ (बिआरआई) कार्यान्वयन कार्ययोजनामा चाँडै हस्ताक्षर गर्ने समझदारी भएको छ । संयुक्त सीमा निरीक्षण टोलीले काम थाल्नेलगायतका विषयमा पनि दुवै पक्षबीच समझदारी भएको छ । दुई पक्षबीच नेपालमा कृषि प्रविधि उद्यान निर्माणको प्रक्रिया छिटो अघि बढाउने तथा विकासका योजनाका बारेमा ठोस प्रस्ताव लिएर अघि बढ्ने समझदारी भएको छ ।

भेटमा चिनियाँ विदेशमन्त्री वाङले एक चीन सिद्धान्तप्रति नेपालको प्रतिबद्धताको सरहाना गर्दै आगामी दिनमा पनि नेपालको प्रतिबद्धता अटुट रहने विश्वास व्यक्त गर्नुभयो । सो क्रममा उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री श्रेष्ठले चिनियाँ विदेशमन्त्रीवाङलाईनेपालभ्रमणको निमन्त्रणासमेत दिनुभएको थियो । नेपालको निमन्त्रणालाई स्वीकार गर्दै उहाँले यही वर्ष नै नेपाल भ्रमण गर्ने विश्वास दिलाउनुभएको छ । प्रतिनिधिमण्डलस्तरीय वार्तापछि परराष्ट्रमन्त्री श्रेष्ठ र विदेशमन्त्री वाङबीच झण्डै एक घन्टा 'वान टु वान' वार्ता भएको थियो । भेटवार्तापछि चिनियाँ विदेशमन्त्री वाङले नेपाली प्रतिनिधिमण्डललाई रात्रिभोजको आयोजना गर्नुभएको थियो ।

दोस्रो पटक परराष्ट्रमन्त्रीमा नियुक्त भएसँगै मन्त्री श्रेष्ठको यो पहिलो चीन भ्रमण हो । उपप्रधानमन्त्री श्रेष्ठले नेतृत्व गर्नुभएको नेपाली प्रतिनिधिमण्डलमा चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठ, परराष्ट्र मन्त्रालयको उत्तर पूर्व एसिया महाशाखाका प्रमुख एवं सहसचिव कृष्ण ढकाल, बेइजिङस्थित नेपाली दूतावासका डेपुटी चिफ अफ मिसन सुरेन्द्र यादव, उपप्रधानमन्त्रीका स्वकीय सचिव सुरेशकाजी श्रेष्ठ, नायब शिष्टाचार महापाल उत्तमकुमार शाही, परराष्ट्र मन्त्रालयका उपसचिव अरुणा घिसिङलगायत सहभागी हुनुहुन्थ्यो । चिनियाँ प्रतिनिधिमण्डलमा विदेशमन्त्री वाङ, विदेश मन्त्रालय उपमन्त्री र प्रवक्ता र वरिष्ठ अधिकारीको सहभागी हुनुहुन्थ्यो ।

## स्याङ्जाका सरकारले एक अर्ब १२ करोड अनुदान पाउने

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १३ चैत



स्याङ्जाका स्थानीय सरकार हरुले एक अर्ब १२ करोड ४ लाख अनुदान पाउने भएका छन् । राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि संघीय सरकारले स्थानीय सरकारलाई दिने अनुदान सिफारिस गरेपछि जिल्लाका स्थानीय सरकारहरुले उक्त रकम अनुदान पाउने भएका हुन ।

जिल्लाका ११ स्थानीय सरकाराले न्यूनतम वित्तीय समानीकरण अनुदान तर्फ ३५ करोड ७५ लाख पाउने छन् । सुत्रमा आधारित वित्तीय समानीकरण अनुदान तर्फ ७० करोड ४३ लाख पाउने छन् भने कार्य सम्पादन मुल्यांकन शिर्षकमा ५ करोड ८६ लाख अनुदान पाउने गरी वित्त आयोगले सिफारिस गरेको छ। ५ नगरपालिका रहेको स्याङ्जामा सबै भन्दा बढि अनुदान पाउने नगरपालिका तर्फ वालिङले १५ करोड १० लाख पाउने छ भने पुतलीबजारले १३ करोड ८८ लाख अनुदान पाउने छ । १२ करोड ४५ लाख गल्याङ्ले पाउँदा भीरकोटले १० करोड २२ लाख पाउँछ भने चापाकोटले १० करोड ७ लाख अनुदान पाउने भएको छ ।

जिल्लाका ६ गाउँपालिका मध्ये सबै भन्दा बढि अनुदान कालिगण्डकीले ९ करोड ४४ लाख पाउँदा सबै भन्दा कम फेदीखोलाले ७ करोड ४८ लाख पाउने छ । उता बिरुवाले ८ करोड ६३ लाख पाउने छ भने आँधीखोलाले ८ करोड ३६ लाख अनुदान पाउँछ ।

आयोगको सिफारिस अनुसार हरिनासले ८ करोड २३ लाख पाउँदा अर्जुनचौपारी ८ करोड १८ लाख मात्रै अनुदान पाउने भएको छ । न्यूनतम र सुत्रका आधारमा पाउने वित्तीय समानीकरण अनुदानको तुलनामा कार्यसम्पादनमा आधारित अनुदानको महत्व फरक रहेको जानकारहरुको भनाई छ । उनीहरुका अनुसार न्यूनतम र सुत्रमा आधारित अनुदान सामान्य स्थानीय सरकारको अधिकार जस्तै हो, कार्यसम्पादन मुल्यांकन भनेको स्थानीय सरकारको दैनिक रुपमा गर्ने काम र नागरिकको सेवा हो । कार्यसम्पादन मुल्यांकनमा सबै भन्दा बढि अनुदान पाउनेमा भीरकोटले ६० लाख पाउने छ भने सबै भन्दा कम हरिनासले ४० लाख पाउने छ । कार्यसम्पादनमा आँधीखोलाले ५८ लाख पाउँदा फेदीखोला र कालिगण्डकीले समान ५७ लाखको दरमा अनुदान पाउने छन् । उता वालिङ र गल्याङ्ले ५६ लाखको दरमा कार्यसम्पादन तर्फ अनुदान पाउँदा अर्जुनचौपारीले ५४ लाख पाउँछ । बिरुवाले ५२ लाख अनुदान पाउँदा पुतलीबजारले ५१ लाख अनुदान पाउने छ भने चापाकोटले ४५ लाख मात्रै कार्यसम्पादन शिर्षकमा अनुदान पाउने भएको छ । चालु आर्थिक वर्ष २०८०/०८१ का लागि भने सरकारले समानीकरण अनुदान तर्फ जिल्लाका पालिकालाई एक अर्ब ११ करोड ५६ लाख विनियोजन गरेको थियो । चालु वर्षको तुलनामा आगामी वर्ष आउने वित्तीय समानीकरण अनुदानमा ४८ लाख बृद्धि हुने भएको छ ।

## 'शताब्दी घर'को संरक्षणका लागि 'गो फन्ड मी'

**पोखरापत्र संवाददाता**
पोखरा, १३ चैत



बहुसांस्कृतिक सङ्ग्रहालयका रुपमा विकास गर्न लागिएको पर्वतको कुश्मा नगरपालिका-६ माझगाउँस्थित 'शताब्दी घर'को जीर्णोद्धार र संरक्षणका लागि क्राउड फन्डिङ 'गो फन्ड मी'मार्फत सहयोग गर्न सकिने भएको छ ।

कुश्मा कला परियोजनाले तीन सय वर्ष पुरानो ऐतिहासिक महत्वको उक्त घर संरक्षणका लागि 'गो फन्ड मी' खातामा आर्थिक सहयोग गर्न सार्वजनिक आह्वान गरेको हो । सबै जातजाति तथा भाषाभाषीको अपनत्व हुने गरी बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक सङ्ग्रहालय निर्माण गर्ने लक्ष्यसहित 'गो फन्ड मी' अभियान चलाइएको परियोजनाका अध्यक्ष आरके अदिप्त गिरीले बताउनुभयो । "गो फन्ड मीमार्फत सहयोग जुट्ने क्रम सुरु भएको छ, विभिन्न देशका ११ जना दाताबाट झण्डै पाँच सय डर खातामा जम्मा भइसकेको छ", उहाँले भन्नुभयो, "शताब्दी घर संरक्षणका लागि रु ५० लाख सङ्कलन गर्ने लक्ष्य संस्थाले लिएको छ ।" शताब्दी घरलाई अनुसन्धान, साहित्य, कला, संस्कृति र पर्यटन केन्द्रको रुपमा विकास गर्ने उद्देश्यले परियोजनाले काम गरिरहेको छ । कलाको माध्यमबाट संस्कृति संरक्षण र समाज विकासमा भूमिका खेल्ने ध्येयले परियोजना स्थापना गरिएको अध्यक्ष गिरीको भनाइ छ । पहाडे वास्तुकला झल्काउने उक्त शताब्दी घरको आँगनलाई 'नृत्य आँगन', भुइँ तलामा पुस्तकालय र खुला स्टुडियो, पहिलो तलामा सङ्ग्रहालय र सिरानको तला बुइँगल (सिरानतला)लाई पुराना भाँडावर्तन, भेषभूषा, अस्त्रसस्त्र र विभिन्न जातजाति र समुदायका लोपोन्मुख वाद्यवादनका सामग्री राखेर सङ्ग्रहालयका रुपमा रुपान्तरण गरिँदैछ । सोही तलाको बाँकी ठाउँलाई सामुदायिक सिकाइ केन्द्रका रुपमा विकास गरिने भएको हो । शताब्दी घरको आँगनमा ढुङ्गा बिछ्याउने र काठको फल्चा बनाउने योजना रहेको अध्यक्ष गिरीले सुनाउनुभयो । आँगनलाई 'डबली' कला प्रदर्शनी, कथावाचनस्थल आदिका लागि प्रयोग गरिने उहाँले बताउनुभयो ।

"भुइँ तलाको खुला स्टुडियोमा ललितकलाका सबै आयाममाथि चर्चा र चिन्तन गर्न मिल्ने गरी संरचना बन्दैछ", अध्यक्ष गिरीले भन्नुभयो, "पहिलो तलामा रहने सङ्ग्रहालयमा परम्परागत काष्ठकला, मूर्तिकलाका सामग्री, घरायसी हस्तकला, हातहतियार, औजार, उपकरण, वाद्ययन्त्रलगायत सामग्री राखिनेछ ।" कला, अनुसन्धान, खोज आदि गर्न खोज्नेका लागि अतिथि आवास गृह पनि निर्माण गरिने परियोजनाले जनाएको छ । कलाको आवासीय कक्षासमेत सञ्चालन गर्ने उद्देश्य संस्थाले लिएको अध्यक्ष गिरीले बताउनुभयो । "समाजका लागि उपयोगी कला, सीपका सिर्जनात्मक गतिविधि सञ्चालन हुने छन्, शताब्दी घरलाई कला र ज्ञानको मन्दिरका रुपमा विकास योजना छ", उहाँले भन्नुभयो । तीनतले शताब्दी घरको बार्दलीलाई ग्यालरीका रुपमा प्रयोग गरिने उहाँले बताउनुभयो । उक्त ग्यालरीमा राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय कलाकारका चित्र, संस्कृति र सम्पदाका तस्बिर, श्रव्यदृश्य सामग्रीलगायत राखिनेछ ।

सामुदायिक सिकाइ केन्द्रका रुपमा रहने सिरानको तलामा 'कखरा स्कुल पाठशाला', सिर्जनात्मक कला कार्यशाला, कथावाचन शृङ्खला सञ्चालनमा गरिने अध्यक्ष गिरीले बताउनुभयो । "परिवर्तन र विकासको नाममा हामीले हाम्रो मौलिक परम्परा, संस्कार, संस्कृति र रीतितिथि बिर्सिरहेका छौँ", उहाँले भन्नुभयो, "मानिसले भुल्दै, बिर्सिँदै गएको आफ्नोपनको आभासलाई जोगाउन कुश्मा कला परियोजना स्थापना गरिएको हो ।"

अध्यक्ष गिरीले सांस्कृतिक

बाँकी अन्तिम पृष्ठमा ▶▶

### विद्यार्थी चढ्ने सवारी साधन सञ्चालन गर्दा ध्यान दिऔं

- ◆ सवारी साधनमा सिटभन्दा बढी विद्यार्थी नराखौं,
- ◆ तीब्र गतिमा सवारी साधन नचलाऔं,
- ◆ तोकिएको समयमा तोकिएको स्थानमा सवारी साधन पुऱ्याऔं,
- ◆ सवारी साधन चलाउनु अगाडि चेक जाँच गरौं,
- ◆ तोकिएको स्थानमा मात्र बिद्यार्थी चढाउने र ओराल्ने गरौं,
- ◆ सवारी साधन पूर्ण रुपमा रोकिसके पछि मात्र बिद्यार्थीहरुलाई चढाऔं र ओरालौं,
- ◆ विद्यार्थीहरु सिटमा बसिसके पछिमात्र सवारी साधन गुडाऔं,
- ◆ विद्यार्थीहरुले शरिरका अंगहरु सवारी साधन बाहिर निकालेका छन् कि ? ध्यान दिऔं,
- ◆ सवारी साधनमा सहचालक अनिवार्य राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकीमा 'एक निर्वाचन क्षेत्र, एक सडक' कार्यक्रम: गोरखाको चुमनुब्रीलाई जोड्न 'डिपीआर' तयार

**पोखरापत्र संवाददाता**
पोखरा, १३ चैत

गण्डकी प्रदेश सरकारको ' एक निर्वाचन क्षेत्र, एक सडक' कार्यक्रमअन्तर्गत ३३ सडक आयोजना निर्माणाधीन छन् । ती आयोजनाको दुई सय ७९ किमि सडक स्तरोन्नति गर्न ठेक्का सम्झौता भई कार्यान्वयनमा गएको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले जनाएको छ ।

प्रदेश निर्वाचन क्षेत्रमा नमुना सडक निर्माण गर्ने लक्ष्यसहित सरकारले आर्थिक वर्ष २०७५/०७६ को नीति तथा बजेटमा उक्त कार्यक्रमलाई समावेश गरेको थियो । त्यसयता हरेक आवको बजेट र कार्यक्रममा 'एक निर्वाचन क्षेत्र, एक सडक'ले प्राथमिकता पाउँदै आएको छ । बहुवर्षीय आयोजनाअन्तर्गत सडक स्तरोन्नति र कालोपत्रको काम भइरहेको मन्त्रालयका प्रवक्ता टीकाराम पौडेलले बताउनुभयो ।

निर्माण व्यवसायीको ढिलासुस्तीका कारण कतिपय सडक आयोजनाको प्रगति न्यून देखिएको उहाँको भनाइ छ । "प्रदेशसरकारकोप्राथमिकताप्राप्त कार्यक्रम भएकाले स्रोतको समस्या छैन", प्रवक्ता पौडेलले भन्नुभयो, "एघार वटै जिल्लाका प्रदेश निर्वाचन क्षेत्रमा नमुना सडक निर्माण भइरहेको छ ।" सम्बन्धित निर्वाचन क्षेत्रका प्रदेशसभा सदस्यको सिफारिसका आधारमा सडक आयोजना छनोट गरिएको उहाँले बताउनुभयो । मन्त्रालयले प्रदेश गौरवको आयोजनाका रूपमा स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माणलाई पनि गति दिएको छ । उक्त कार्यक्रमअन्तर्गत ११ सडक आयोजनाको ८९ किलोमिटर स्तरोन्नति भइरहेको प्रवक्ता पौडेलले जानकारी दिनुभयो ।

प्रदेशका ८५ वटै स्थानीय तहका केन्द्रलाई सडक सञ्जालले जोड्ने प्रदेश सरकारको लक्ष्य छ । मन्त्रालयले अहिलेसम्म सडक नपुगेको गोरखाको चुमनुब्री र मनाङको नार्पाभूमि गाउँपालिका केन्द्रमा सडक पुऱ्याउन विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गरिसकेको छ । मार्ग खोलिएका सडकको स्तरोन्नति र कालोपत्र गर्ने योजनालाई अगाडि बढाइएको उक्त मन्त्रालयले जनाएको छ । 'क' वर्गका १६ प्रादेशिक सडक आयोजनाको एक सय २२ किलोमिटर सडक स्तरोन्नति भइरहेको प्रदेशको पूर्वाधार विकास निर्देशनालयका निमित्त प्रमुख डा महेन्द्रबहादुर बानियाँले जानकारी दिनुभयो । उहाँका अनुसार प्रदेश स्थापना भएयता छ सय ७४ किमी पक्की र पाँच सय ६६ कच्ची सडक बनेको छ । आगामी दुई वर्षभित्रमा थप पाँच सय १५ किमी कालोपत्र र ६७ किमी ग्राभेल गर्ने लक्ष्य छ । "प्रदेशभित्रका एक सय ६२ सडक बहुवर्षीय आयोजनाका रूपमा निर्माणाधीन अवस्थामा छन्", उहाँले भन्नुभयो, "पूर्वाधारतर्फ प्रदेश सरकारको सबैभन्दा ठूलो बजेट सडकमा खर्च हुँदै आएको छ ।" सडक सँगसँगै पुल निर्माणलाई पनि प्राथमिकता दिइएको डा बानियाँले बताउनुभयो । प्रदेश सरकारको लगानीमा पछिल्लो छ वर्षमा ८५ पक्की पुल बनेका छन्भने ५३ वटा निर्माणाधीन छन् । थप २३ पुलको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयारीको प्रक्रियामा रहेको उक्त मन्त्रालयले जनाएको छ । पुल निर्माणले प्रदेशस्तरका सडकमा बाह्रैमास यातायात सञ्चालनका लागि सहज हुनेछ । पुलका लागि चालु आवमा रु. ३४ करोड १५ लाख विनियोजन गरिएको छ ।

# घान्द्रुक महोत्सवमा भलिवल तथा बास्केटवल प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १३ चैत

कास्कीको पर्यटकीय गाँउ घान्द्रुकमा एक लाख पुरस्कार राषि भएको क्लव स्तरिय भलिवल तथा बास्केटवल प्रतियोगिता हुने भएको छ ।

घान्द्रुक पर्यटन व्यवस्थापन समिति घान्द्रुक (अन्नपूर्ण १० र ११) को आयोजनामा यही चैत २७ दखि ३० गतेसम्म संचालन हुने घान्द्रुक पर्यटन महोत्सव २०८० को अवसरमा उक्त प्रतियोगिता हुने भएको समितिले जनाएको छ । "सबै मौसममा पर्यटन,"स्वाथ्यको लागि खेलकुद राष्ट्रको लागि खेलकुद" भन्ने नाराका साथ मेश्रम बराह माविको परिसरमा हुने उक्त महोत्सवमा विभिन्न सांस्कृतिक तथा राष्ट्रिय तथा स्थानिय कलाकारको बिषेश प्रस्तुती रहने भएको महोत्सवका प्रचार संयोजक अमृत गुरुङ (लामा) ले बताउनु भयो ।

महोत्सवको अवसरमा आयोजना हुने खुल्ला क्लव स्तरिय पुरुष भलिवल प्रतियोगिताको विजेताले १ लाख ११ हजार १ सय ११, उपविजेतालाई ७० हजार साथमा ट्रफी, मेडल र प्रमाणपत्र वितरण गरिने भएको छ । त्यसै गरी महोत्सवमा बास्केटवल प्रतियोगिताका बिजेतालाई १ लाख उपविजेतालाई ५० हजार प्रदान गरिने भएको छ ।

प्रतियोगितामा करिब १४ टिमको सहभागिता हुने आफुहरुलदे अपेक्षा गरेको सुनिल गुरुङले बताउनु भयो । त्यस्तै महोत्सवको अवसरमा घोडचढी प्रतियोगिता, छेलो प्रतियोगिता, महिला तर्फको भलिवल, सडक दौड लगायतका खेल गतिविधि हुने भएको छ । महिला तर्फको भलिवलमा प्रथम पुरस्कार ३० हजार, दोश्रो २० हजार ट्रफि मेडल प्रमाण पत्र वितरण गरिने भएको छ । राष्ट्रिय खेल खेलेको बढीमा २ जना खेलाडी एक टिममा सहभागिता गराउन पाइने भएको समितिले जनाएको छ । उक्त महोत्सवले घान्द्रुक क्षेत्रको खेल पर्यटनको प्रबर्द्धनमा टेवा पुगेको समितिका पूर्व अध्यक्ष एवं होटल व्यवसायी किसम गुरुङले बताउनु भयो । नेपाली नयाँ बर्षको पूर्व सन्ध्यामा हुने उक्त कार्यक्रमले गाँउ पर्यटनको समेत प्रचार प्रसार हुने उहाँले दाबी गर्नु भयो । समितिका अध्यक्ष बिक्रम गुरुङको नेतृत्वमा विभिन्न उपसमितिहरु ग्ठन भएको छ ।

# श्री एयरलाइन्सले अमेरिकामा संचालनमा रहेका दुई जहाज नेपाल भित्रायो

**पोखरापत्र संवाददाता**
पोखरा, १३ चैत

श्री एयरलाइन्स(कम्पनी) ले संयुक्त राज्य अमेरिकामा संचालनमा रहेका दुई वटा जहाज नेपाल भित्राएको छ । नेपालमा हवाई उडानको मागलाई मध्यनजर गरी कम्पनीले क्यानडाको दि हाभिल्याण्ड अफ क्यानडा (तत्कालीन बम्बार्डियर) ले निर्माण गरेका ८० सिट क्षमताका दुई वटा जहाज नेपालमा भित्र्याएको हो ।

संयुक्त राज्य अमेरिकाको होराइजन एयर तथा अलास्का एयरद्वारा सञ्चालनमा रहेका उक्त जहाजहरू श्री एयरलायन्सले नेपालमा ल्याएको हो भने जहाजमा जडित इन्जिन सोही प्रकारका अन्य जहाजहरू भन्दा दोब्बर शक्तिशाली ५४ सय साफ्ट हर्सपावर युक्त रहेको एयरलाइन्सको दाबी छ ।



उक्त जहाजहरू श्री एयरलाइन्सका पाइलटहरूद्वारा संयुक्त राज्य अमेरिकाको अरेगन राज्यको पोर्टल्याण्डबाट मिनेसोटा राज्यको डुलुथ, क्यानडाको गुजबे, आइसल्याण्डको केफलामिक, जर्मनीको म्युनिक, इजिप्टको काइरो, संयुक्त अरब इमेरिटसको दुबई तथा भारतको इन्दौर हुँदै करिब २५ घण्टाको उडान तथा तीन रात्रि बिसानपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा अवतरण भएको बताइन्छ ।

सन् २०१७ बाट ५० सिट क्षमताको २ वटा सि आर जे २०० तथा ७० सिट क्षमताको २ वटा आर जे ७०० जेट विमानहरूबाट नेपालको विभिन्न गन्तव्यमा नियमित उडान सञ्चालन सुरु गरेको कम्पनीले एकै पटक दुई जहाज खरिद गरी हवाई सेवालाई प्रभावकारी बनाउने कम्पनीले जनाएको छ । कम्पनीका अनुसार नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रक्रियाहरु यथाशीघ्र पूरा गरी उक्त विमानहरूबाट श्री एयरलाइन्सले आफ्ना आन्तरिक सेवाको गन्तव्यहरूमा उडान गर्ने अन्तिम तयारी गरेको कम्पनीका अनिल मानन्धरले बताउनु भयो । सुरुमा काठमाडौँ विमानस्थलबाट भद्रपुर, विराटनगर, भैरहवा, नेपालगन्ज, धनगढी विमानस्थलहरूमा र पर्वतीय उडानहरू नियमित रुपमा हवाई सेवा सञ्चालन गरेको थियो । सन् २०१९ देखि २ वटा र सन् २०२२ मा थप २ गरि ४ वटा ८० सिट क्षमताको क्यानाडा निर्मित क्वी४०० ड्यास ८ विमानहरूबाट थप पोखरा, सुर्खेत, जनकपुर तथा सिमरा मा समेत सेवा विस्तार गरिसकेको छ । यी दुई विमान सँगै श्री एयरलाइन्सका विमानहरूको संख्या अब १० पुगेको छ । यात्रुको चाप र विमानस्थलको माग भएमा विस्तारै कम्पनीले जहाज थप्दै जाने योजनामा रहेको छ ।

# बाँदर नियन्त्रण गर्ने कानुन बनाउन कानुनमन्त्रीसँग माग

**पोखरापत्र संवाददाता**
पर्वत, १३ चैत

कानुन न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरी केही दिनयता जनसंवाद कार्यक्रम गर्दै गृह जिल्ला पर्वतका गाउँबस्तीमा हुनुहुन्छ । उहाँ आइतबारदेखि जिल्लाको पैंयूँ, विहादी, महाशिला हुँदै फलेवासका विभिन्न बस्तीमा भेटघाट गरिरहनुभएको छ ।

आफ्नो निर्वाचन क्षेत्रमा पुग्दा गिरीलाई त्यहाँका स्थानीयले बाँदरले दिएको हैरानीको विषयमा ध्यानाकर्षण गराएका छन् । मन्त्री गिरीसँग जनप्रतिनिधि र किसानले बाँदर नियन्त्रणको कानुन अहिलेको आवश्यकता रहेकोले उचित कानुन बनाउन माग गरेका छन् । पर्वतको महाशिला गाउँपालिकाका अध्यक्ष ईश्वरी भुषाल, पूर्वअध्यक्ष राजु पौडेल र कार्यक्रमका सहभागीको एउटै गुनासो बाँदरले दिएको हैरानीबारे थियो । बाली खाइदिने भएकाले गाउँमा खेती किसानी गर्नेको सङ्ख्या घटेकोले तत्काल बाँदर नियन्त्रण गर्ने कानुन बनाउनुपर्ने उनीहरूको माग छ । बाँदरको सङ्ख्या बढ्दै गएको र बाली लगाउने जमिन साँघुरिँदै गएकाले तत्काल आवश्यक कानुन बनाउन स्थानीयले माग राखेका हुन् । "कि त छोपेर मार्नुपऱ्यो", स्थानीय एकबहादुर हमालले भन्नुभयो, "कि राज्यले नै बाँदर व्यवस्थापनको कुनै कार्यक्रम



ल्याउनुपऱ्यो ।" विदेशीले बनाएको कानुनका कारण जनताले दुःख पाएको प्रदेशसभा सदस्य मित्रलाल बस्यालको भनाइ छ । कानुन संशोधन गरेर भए बाँदर नियन्त्रण नगर्ने हो भने किसान विस्थापित हुने उहाँले बताउनुभयो । कानुनी अड्चनका कारण स्थानीय तहले बाँदर नियन्त्रणको ठोस योजना बनाउन नसकेको महाशिला गाउँपालिकाका अध्यक्ष ईश्वरी भुसालले बताउनुभयो । केही वर्षअघिमहाशिलागाउँपालिकाले बाँदर नियन्त्रण भन्दै बाँदर छोप्ने र खोरमा थुन्ने काम गरेको थियो । रु २५ लाख रकम विनियोजन गरेर बाँदर नियन्त्रणको कार्ययोजना बनाए पनि गाउँपालिको उक्त योजना सफल हुन सकेन । अहिले जिल्लाको पैंयू गाउँपालिकाले बाँदर धपाउने कर्मचारी नियुक्ति गर्ने गाउँ सभाबाट निर्णय गरेको छ । रु सात लाख विनियोजन गरेर बाली लगाउने र पाक्ने बेलाका लागि छोटो अवधिलाई ३५ जना कर्मचारी नियुक्त गर्ने तयारी गाउँपालिकाको छ । जिल्लाका सातवटै स्थानीय तहमा बाँदरको आतङ्क मच्चिएको छ ।

स्थानीय जनप्रतिधि र किसानको आवाज सुनेपछि मन्त्री गिरीले अहिले देशभर बाँदरको आतङ्क भएको बताउनुभयो । उहाँले कानुनमा भएका समस्यालाई समाधान गरेर बाँदर नियन्त्रणको कार्य योजना बनाउन सरकारको तर्फबाट पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । बाँदरले किसानलाई ठूलो समस्या पारिरहेकोबारे आफू जानकार रहेको बताउनुहुँदै उचित नीति बनाएर नियन्त्रण नगर्ने हो भने पूरै खेतबारी बाँझो रहने उहाँको भनाइ थियो । उहाँले यस विषयमा पहिले पनि संसद्मा आवाज उठाएको र मन्त्रालय पुगेर नीति बनाउनेबारे छलफल गर्ने बताउनुभयो ।

# शताब्दी ...

धरोहर, सम्पदा बचाउनेभन्दा पनि मास्ने प्रवृत्ति बढिरहेको भन्दै उहाँले संस्कृति संरक्षणका लागि देशभर अभियान चलाउनुपर्ने बताउनुभयो । "हाम्रो कला, संस्कृति दिनप्रतिदिन सङ्कटमा परिरहेको छ, संस्कृति मऱ्यो भने हाम्रो क्षमता पनि मर्छ, त्यसैले संस्कृति, सभ्यता र कला बचाउनुपर्छ", उहाँले भन्नुभयो ।

पुरानो संस्कृति र सम्पदाको महत्व आम मानिसलाई बुझाउने कोसेढुङ्गाका रुपमा 'शताब्दी घर'लाई विकास गर्नुपर्ने परियोजनाको शुभेच्छुक संस्था 'लियो डिस्ट्रिक काउन्सिल-३२५ एफ नेपाल'का अध्यक्ष युवराज पराजुलीले बताउनुभयो । कुश्मा कला परियोजना र शताब्दी घरको संस्थागत विकासका लागि सबैको सहयोगको हातेमालो चाहिने उहाँको भनाइ छ । "क्राउड फन्डिङ सोही उद्देश्यका लागि आह्वान गरिएको छ", अध्यक्ष पराजुलीले भन्नुभयो, "एक व्यक्तिले सुत्रधार गरेको यस अभियानमा हामी सबै जोडिऔँ ।"

मौलिक संस्कृतिको संरक्षण र पुस्तान्तरणका लागि शताब्दी घरको अवधारणा अगाडि सारिएको परियोजनाले जनाएको छ । वर्षौंदेखि संरक्षणविहीन बनेको उक्त घरलाई 'शताब्दी घर' नाम दिएर परियोजनाले बहुसांस्कृतिक सङ्ग्रहालय बनाउने योजना बनाएको हो । स्थानीय राम गिरीको उक्त घर अहिले शताब्दी घरका रुपमा परिचित छ । मर्मत र रङरोगनपछि घरको मुहार फेरिएको छ । तीन सय वर्षभन्दा अगाडि गिरीका जिजुहजुरबुबा धनराजले उक्त घर बनाएको बताइन्छ । गिरी परिवारका सात पुस्ता सोही घरमा हुर्के बढेको परियोजनाका अध्यक्ष आरेके अदिप्त गिरीले बताउनुभयो ।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी **डा. राजिव घिमिरे** पोखरामा यही **मिति चैत्र १५ गते बिहीबार** आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुबेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# सहकारीमा खबरदारी आवश्यक

नेपालमा २०१३ साल चैत २० गते चितवन जिल्लामा स्थापना भएको 'बखान सहकारी' संस्था नै पहिलो मानिन्छ । मुलुकमा स्थापना भएका मौजुदा करिब ३२ हजारको हाराहारीमा सहकारी रहेका छन । प्रथम जननिर्वाचित सरकारले २०१५ सालदेखि नै सहकारी संस्थाहरूलाई लोकतान्त्रिक संस्थाका रूपमा विकास गर्दै २०१६ सालमा प्रथम सहकारी ऐन जारी गरेयता मुलुकभर सहकारी संस्था स्थापना गर्ने अभियानले आन्दोलनकै रूप लिएको छ । संविधानले नै सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्न सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालनत गर्ने नीति अख्तियार गरिने स्पष्ट उल्लेख छ । सहकारीको प्रभाव जति विस्तार भएको छ समस्या पनि देखिएको छ ।

केही समययता मुलुकभरका करिब पाँच सय वटा सहकारीमा भएको अनियमितता, खराब ऋण प्रवाह र आन्तरिक भ्रष्टाचारले सेयर सदस्य तथा निक्षेपकर्ताहरूको विश्वास गुमाउँदा सम्पूर्ण सहकारी संस्थाप्रति नै शङ्का उत्पन्न हुन पुगेको छ । यतिबेला मुलुकमा १५ हजारभन्दा बढी सहकारी संस्था उत्पादन, रोजगारी सिर्जना र आर्थिकोपार्जनसँग जोडिए अर्बौं रकमको कारोबार गर्दै आएका छन् । यीमध्येकै केही सहकारीमा भएको आर्थिक अपचलनले सिङ्गो सहकारी क्षेत्रप्रति नै अविश्वास पैदा गर्ने वातावरण सिर्जना हुन लागु राज्यको नीति अनुसारको कार्य भएको छैन । केही सहकारी संस्थाका सञ्चालकहरू मोटो रकम कुम्ल्याएर फरार हुन थालेपछि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा गठित 'समस्याग्रस्त सहकारी व्यवस्थापन समिति' ले सहकारी क्षेत्रमा देखिएको विकृति नियन्त्रणका लागि प्रतिवेदन तयार गरेर मन्त्रालयलाई बुझाइसकेको छ ।

प्रतिवेदन अनुसार सरकारले कारबाही प्रक्रियासमेत अघि बढाएर सेयर सदस्यहरूको हित संरक्षण गर्ने कार्य हुँने मन्त्रालयले जानकारी गराएको छ सहकारीको नीति अनुसार सहकारीहरू सदस्य केन्द्रित एवं उत्पादनमुखी हुनु पर्छ । सदस्यहरूको संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणबाट सञ्चालित व्यवसायमार्फत आफ्ना साझा आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय आवश्यकता पूरा गर्न स्वैच्छिक रूपमा एकजुट भएका व्यक्तिहरूको स्वायत्त सङ्गठन हो । नेतृत्वदायी भूमिकामा रहेकाहरूको निजी स्वार्थप्रेरित कार्यतर्फ लाग्दा नै अहिलेको स्थिति उत्पन्न भएको हो । आफ्ना सदस्यहरूको आर्थिक तथा सामाजिक हित अनुकूल कार्य गर्नुपर्नेमा नाफामुखी उद्देश्यले सहकारी खोल्ने, सहकारीको प्राथमिक ज्ञानसम्म नराख्ने, एकाघरका सदस्यको एकाधिकार कायम गर्ने, वार्षिक साधारण सभा तथा लेखापरीक्षणसम्म नगर्ने जस्ता विकृति मौलाएकै कारण सहकारी समस्याग्रस्त बन्न पुगेका प्रतिवेदनले देखाएको छ ।

मुलुकमा २५ हजारको हाराहारीमा ऋण तथा बचत र बहुउद्देश्यीय सहकारीले संस्थाले कुनै न कुनै रूपमा बैङ्क जस्तै वित्तीय कारोबार गरिरहेका देखिन्छ । यिनैमध्येकै सहकारी आर्थिक रूपमा सङ्कटग्रस्त भएर बचतकर्ता आफ्नो बचत रकम फिर्ता पाउनुपर्ने मागसहितको उजुरी बोकेर नियमनकारी निकायमा धाउने अवस्था सिर्जना भएको हो । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले केही सहकारीलाई सङ्कटग्रस्त घोषणा गरेर सदस्यको हित अनुकूलको समाधानका लागि पहल भइरहेको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले स्पष्ट पारेको छ । सहकारी ऐन, २०७४ ले गरेको व्यवस्था अनुसार मन्त्रालय, सहकारी विभाग र प्रदेशमा सहकारी महाशाखा एवं स्थानीय तहमा सम्बन्धित स्थानीय तहले अनुगमन गर्नुपर्ने जिम्मेवारी हुँदाहुँदै पनि कतिपय अवस्थामा जिम्मेवारी वहन नगरेका कारण पनि सञ्चालकको मनोमानीले सहकारीमा अपचलन देखिएको हो । मुलुकका ७४ लाख नागरिक सहकारीमा सम्बद्ध रहनु निश्चय पनि गरिबी निवारण तथा जीवनस्तर सुधारका लागि महत्वपूर्ण आधार हो । तसर्थ सरकारले सहकारीप्रतिको जनविश्वासलाई कुनै पनि हालतमा गुम्न दिनु हुँदैन । समस्याग्रस्त सहकारीका बचतकर्ताको रकम फिर्ता हुने विश्वास तत्काल दिलाउन आवश्यक देखिन्छ ।

सहकारीको नियमन र अनुगमनका सन्दर्भमा अवश्य पनि कमीकमजोरी भएका छन् । कतिपय अवस्थामा स्वार्थप्रेरित आँखा चिम्ल्याइ पनि भएको हुन सक्छ । सहकारीको पुँजी, ऋण प्रवाह, दायित्व जस्ता जोखिम क्षेत्र मापन गर्ने सूचक अनुगमनमा नियमनकारी निकायको ध्यान नपुगेको सहकारीविज्ञहरूको भनाइलाई मनन गर्नैपर्ने हुन्छ । मुलुकको तीनखम्बे अर्थतन्त्रको एउटा खम्बालाई नै बेवास्ता गरेर आर्थिक समृद्धितर्फको यात्रा पक्कै पनि अगाडि बढ्न सक्दैन । केही सहकारीमा आएको सङ्कटलाई समग्रतामा लिन सकिन्न तर तिनको समस्यालाई समयमै सम्बोधन गर्नु भने आवश्यक छ । जनताको बचत सुरक्षा गर्नु प्राथमिकता हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : शुभ यात्रा | धनु | : मानसिक तनाव |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : व्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# म्याग्देमा घुम्ती शिविर : नौ हजार सेवाग्राही लाभान्वित

**पोखरापत्र संवाददाता**
तनहुँ, १३ चैत

जिल्लाको म्याग्दे गाउँपालिका कार्यालयले सञ्चालन गरेको एकीकृत घुम्ती शिविरमा नौ हजार बढीले सेवा लिएका छन् । गाउँपालिकाका सातवटा वडाका टोल–टोलमा पुगेर नौ हजार तीन सय ५३ जनालाई सेवा प्रदान गरिएको हो ।

'स्वच्छ, सभ्य, समृद्ध म्याग्देको आधार, कृषि, पर्यटन र पूर्वाधार मूल आधार' भन्ने नारालाई आत्मसात् गर्दै १८ दिन शिविर सञ्चालन गरिएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार एलोपेथिक सेवाअन्तर्गत तीन हजार ३८ र आयुर्वेद उपचारतर्फ आठ सय ७८ जनाले सेवा लिएका छन् । त्यसैगरी कृषि सेवातर्फ दुई हजार नौ सय १५ र पशुको उपचार शाखाबाट एक हजार नौ सय २६ जना सेवाग्राही लाभान्वित भएका छन् । शिविरमा ७५ जना अपाङ्गता तथा ज्येष्ठ नागरिकले सेवा लिएका छन् । पालिकाको विभिन्न योजना तथा प्राविधिकसम्बन्धी ४८ वटा उपभोक्ता समितिले सेवा लिएका गाउँपालिका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले जानकारी दिनुभयो ।उक्त शिविर अवधिमा ५९ वटा व्यापार व्यवसाय तथा संस्था दर्ता गरिएका तथा पञ्जीकरण शाखाबाट सन्तान्न जना सेवाग्राहीले सेवा लिएका छन् । शिविरबाट प्रशासनिक कार्यमा तीन सय ५७ जनाले सेवा लिएका अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

यसअघि उक्त गाउँपालिकाले पनि मिर्गौला, पाठेघर परीक्षण र तीनदिने अर्बुद रोग परीक्षण शिविर सञ्चालन गरेको थियो ।

# निःशुल्क स्वास्थ्य शिविरमा दुई सयभन्दा बढी लाभान्वित

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ चैत

म्याग्दीको सदरमुकाम बेनीबजारमा सञ्चालित लोकदीप बचत तथा ऋण सहकारी संस्थाको ११औं स्थापना दिवसका अवसरमा सोमबार आयोजित स्वास्थ्य शिविरमा दुई सयभन्दा बढी लाभान्वित भएका छन् ।

सहकारीका शेयर सदस्यलाई लक्ष्य गरी आयोजित निःशुल्क मधुमेह, उच्च रक्तचाप र दाँत जाँच शिविरमा दुई सय नौ जनाले सेवा लिएका छन् । शिविर उद्घाटन गर्दै सहकारी सङ्घ म्याग्दीका अध्यक्ष दीपक कार्कीले वित्तीय सेवामात्रै नभई सहकारीले शेयर सदस्य लक्षित स्वास्थ्यलगायतका सामाजिक कार्यमा केन्द्रित हुनुपर्ने बताउनुभयो । स्थापना दिवसका अवसरमा प्रमुख अतिथि सहकारी सङ्घका अध्यक्ष कार्की र सहकारीका सल्लाहकार पुष्कलबहादुर जोशी, तेजबहादुर भण्डारी र चन्द्रबहादुर क्षेत्रीले संयुक्त रूपमा कार्यक्रम उद्घाटन गर्नुभएको थियो । शिविरमा मधुमेह, उच्च रक्तचाप र दाँतको जाँच तथा अन्य स्वास्थ्य समस्याका बारेमा जानकारी गराइएको थियो । शिविरमा बेनी अस्पतालका मेडिकल अधिकृत डा गोविन्द पोखेल, कोर स्माइल डेन्टल क्लिनिकका डा मोचन श्रेष्ठ र बेनी अस्पतालमा प्रयोगशाला प्राविधिक सहयोगी सीताराम श्रेष्ठले परीक्षण गर्नुभएको थियो ।

सहकारीले स्थापना दिवसमा बेनी अस्पतालमा रक्तदान, बालगृहका बालबालिकालाई सहयोगसहित सहकारी सदस्य केन्द्रित विभिन्न कार्यक्रम सञ्चालन गर्ने सहकारीका प्रबन्धक नेत्रराज सुवेदीले बताउनुभयो ।

# नयाँ समीकरण तत्काल टुट्दैन : मन्त्री गिरी

**पोखरापत्र संवाददाता**
पर्वत, १३ चैत

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले राजनीतिक स्थिरता र स्थायित्वका लागि नयाँ समीकरण बनेको स्पष्ट पार्नुभएको छ ।

नेकपा (एमाले) जिल्ला कमिटी पर्वतको सचिवालय बैठकलाई सम्बोधन सम्बोधन गर्नुहुँदै उहाँले दुई ठूला कम्युनिष्ट पार्टीसहित बनेको यो गठबन्धन स्वभाविक प्रक्रिया भएको बताउनुभयो । मन्त्री गिरीले पछिल्लो समय देखिएको आर्थिकमन्दी र बढ्दो भ्रष्टाचारलाई न्यूनीकरण गर्नु सरकारको मुख्य ध्येय रहेको बताउनुभयो । उहाँले भन्नुभयो "नयाँ समीकरण बनेसँगै देशले राजनीतिक निकास पाउने र विकासले फड्को मार्ने छ । नयाँ गठबन्धन तत्काल टुट्दैन ।" एमाले केन्द्रीय सदस्यसमेत रहनुभएका मन्त्री गिरीले एमाले पर्वतको दशौं जिल्ला अधिवेशनबाट सहमतिमै नेतृत्व चयन गर्नसमेत सुझाव दिनुभएको छ ।

# नौमती बाजा बजाउन तालिम लिँदै बागलुङका आमाहरू

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ चैत



बागलुङका आमाहरूले नौमती बाजा बजाउन तालिम लिइरहेका छन् । यहाँका १२ जना महिलाले नौमती बाजा बजाउन एकमहिने तालिम लिएका हुन् ।

हिजोआज पुरुषले नै बाजा बजाउन छाडेकाले बागलुङ नगरपालिकाको सहयोग र देउरालीचोक आमा समूहको अग्रसरतामा उनीहरू बाजा बजाउन सिकिरहेका उक्त आमा समूहका अध्यक्ष सरिता थापामगरले बताउनुभयो ।

विवाह, व्रतबन्धलागयत अन्य समाजिक कार्यक्रममा मौलिक बाजाको माग आइरहेको र युवापुस्तामा बाजा बजाउने इच्छा नभएकाले पनि परम्परा संरक्षणका निम्ति आमाहरूलाई नै तालिम लिन प्रेरित गरिएको उहाँले बताउनुभयो "आमा समूह आयआर्जनसँग जोडिन आवश्यक छ, अहिले देउरालीचोक आमा समूहअन्तर्गत अधिकांश आदिवासी, जनजाति समूहका ५० महिला सङ्गठित छौं, पहिलो चरणमा १२ जना महिला नौमती बाजा बजाउन सिकिरहनुभएको छ", अध्यक्ष थापाले भन्नुभयो, "बागलुङ नगरपालिकाले प्रदान गरेको रु एक लाख ५० हजारबाट नौमती बाजा खरिद गरी बाजा बजाउन सिकिरहेका छौँ, रु ५० हजार सिक्ने खर्च हो भने रु एक लाखमा बाजा खरिद गरेका छौँ ।"

चैत महिनाभर सिकेको बाजा बजाउने सीप वैशाखदेखि उपयोग हुने उहाँ बताउनुहुन्छ । कला प्रदर्शन गर्न लाज मान्न नहुने भन्दै आमा समूहका सदस्यहरूले बाजा कुनै जात, समुदायको मात्रै नभई यो कला भएको जुनसुकै जातिले बजाउन सक्ने बताएका छन् । बागलुङ नगरपालिकाको पहिचान झल्काउने बाजा समूह निर्माण गर्न नगरपालिकाले सहयोग गरेको नगरप्रमुख बसन्तकुमार श्रेष्ठले बताउनुभयो । "बागलुङ बजारमा बाजा बजाउनेको अभाव रहेको पाइयो, सानो सहयोगले एउटा नमुना बाजा समूह निर्माण गर्ने नगरपालिकाको लक्ष्य हो", नगरप्रमुख श्रेष्ठले भन्नुभयो, "आमा समूहको आयआर्जनको माध्यम बन्ने तथा संस्कृतिको संरक्षण हुने नगरपालिकाको अपेक्षा छ, यसलाई व्यवस्थित गर्न लाग्छौँ, उहाँहरूलाई सक्रिय बनाउन नगरपालिकाले निरन्तर सहयोग गर्नेछ ।"

# भरतपुरमा घुम्न आउने पर्यटकले बाघ हेर्न पाउने

**रासस**
भरतपुर, १३ चैत



भरतपुर भ्रमण वर्षमा घुम्न आउने पर्यटकले बुधबारदेखि सहजै बाघ हेर्न पाउने भएका छन् । चितवन राष्ट्रिय निकुञ्जले निर्माण गरेको वन्यजन्तु उद्धार केन्द्रमा बाघ ल्याएर सर्वसाधारणका लागि देखाउन लागिएको हो । दुईवटा भाले बाघ केन्द्रमा ल्याएर देखाउन लागिएको हो ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार भरतपुर महानगरपालिका–६ देवनगरमा निर्माण गरिएको केन्द्रमा बाघ शुभारम्भ गरी सर्वसाधारणका लागि बाघ देखाइने छ । भरतपुर भ्रमण वर्षमा घुम्न आएका पर्यटकलाई हेर्न सहज हुने र निकुञ्जलाई समेत बाघ व्यवस्थापनमा सहजीकरण हुने गरी बाघ देखाउन लागिएको हो । निकुञ्जको मुख्यालय कसरामा थुनेर राखिएका बाघलाई स्थानान्तरण गरेर केन्द्रको खुल्ला खोरमा बाघ देखाउन लागिएको हो । निकुञ्जको मुख्यालय कसरामा चारवटा बाघ रहेका थिए भने सौराहा क्षेत्रमा दुई वटा बाघ रहेका छन् । ती सबै बाघ उद्धार गरी ल्याइएको हो । जिल्लाको माडी, देवनगर, मेघौली, कुमरोज, नवलपुर र बाँकेबाट समस्याग्रस्त बाघ ल्याएर राखिएको थियो । तीनै बाघमध्ये कसरमा रहेका दुइटा भाले बाघलाई देवनगरमा ल्याएर सर्वसाधारणका लागि देखाउन लागिएको हो । भरतपुर महानगरपालिकाको आग्रहमा निकुञ्जले बाघलाई सर्वसाधारणलाई हर्न मिल्ने गरी देनगरमा ल्याएको हो । महानगर प्रमुख रेनु दाहालले निकुञ्ज घुम्न आउने अधिकांश पर्यटकले बाघ देख्न नपाएको भन्दै उहाँले अब चाहना राख्ने सबैले देख्न पाउने बताउनुभयो । निकुञ्जभित्र खोरमा थुनेर राखिएका बाघलाई उद्धार केन्द्रमा राखेर पर्यटकलाई देखाउन लागिएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "पर्यटकलाई केन्द्रमा राखिएका बाघ गैँडाजस्ता जनावर देखाइने छ", जसबाट पर्यटकले हेर्न पाउने र उनीहरूले तिरेको राजस्वले ती जनावर पाल्न सकिने उहाँको राय छ । महानगरपालिकाले यसको व्यवस्थापनका लागि रु एक करोड खर्च गरेको छ। खोर निर्माण, मचना र सडक निर्माणमा महानगरले सहयोग गरेको हो । भ्रमण वर्षका लागि केन्द्र गन्तव्यस्थलको रूपमा विकास हुने उहाँले बताउनुभयो ।

# बाँसखर्कको सुन्तलाखेतीमा असिनाले क्षति

**पोखरापत्र संवाददाता**
पर्वत, १३ चैत

वर्षासँगै असिना परेपछि जलजला गाउँपालिका–१ बाँसखर्कमा व्यावसायिक सुन्तलाखेतीमा क्षति पुगेको छ । सोमबार दिउँसो परेको असिनापानीले भर्खरै फूल लागेका सुन्तलामा क्षति पुगेको हो ।

असिनाले सुन्तलाका फुल र मुन्टा भारेको किसान जगतबहादुर खत्रीले बताउनुभयो । "असिनाका कारण ६० प्रतिशतभन्दा बढी बोटमा असर पुगेको छ", उहाँले भन्नुभयो । उहाँले यसवर्ष सुन्तला बिक्रीबाट रु ११ करोड भित्र्याएका बाँसखर्कका किसान असिनाका कारण आगामी वर्ष उत्पादन घट्ने भन्दै चिन्ता व्यक्त गरेका छन् । यहाँका झण्डै दुई सय घरपरिवार व्यावसायिक सुन्तलाखेतीमा छन् । त्यसैगरी जलजलाकै लेखफाँट र सालिजामा आलु, जौ, तोरी र पाक्न थालेको गहुँबाली र किबी खेतीमा क्षति पुगेको स्थानीय किसानले बताएका छन् । जिल्लाको महाशिला गाउँपालिकामा पनि असिनाले क्षति पुऱ्याएको छ । स्थानीय जीवन उच्चै ठकुरीका अनुसार किसानलाई वर्षे बाली लगाउन सहज भए पनि हिउँदेबाली भने नष्ट गरेको बताउनुभयो । उहाँले पाक्ने बेलाको गुहुँ, जौ, तोरी र व्यावसायिक तरकारीखेती गरेका किसानलाई ठूलो क्षति पुगेको बताउनुभयो । कृषि ज्ञान केन्द्र पर्वतले जिल्लाका विभिन्न ठाउँमा परेको असिनाले बालीनालीमा क्षति पुगेको जनाएको छ । कार्यालयका बागबानी विकास अधिकृत शङ्कर पौडेलका अनुसार सुन्तला, किबिलगायतका फलफुल र गहुँ, जौ, तोरी, आलुबालीमा असिनाले क्षति पुऱ्याएको बताउनुभयो । अहिले विभिन्न पालिकाका कृषि शाखामार्फत क्षतिको विवरण सङ्कलन भइरहेको उहाँको भनाइ रहेको छ ।

पाक्ने बेलाको गहुँ, तोरी असिनाले झार्दा किसानलाई बढी मार परेको उहाँको भनाइ छ । क्षतिको यकिन तथ्याङ्क सङ्कलन गरिसकेपछि किसानलाई आवश्यक राहतका लागि पहल गरिने कार्यालयले जनाएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ पोखरामा अँधेरी डहर मोहरपानी हुँदै मणिदिप सडक स्तरउन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः अँधेरी डहर मोहरपानी हुँदै मणिदिप सडक स्तरउन्नती
ठेगानाः पोखरा–१३, कास्की
योजना सुरु हुने मितिः २०८०/०८/२३ गते
योजना सम्पन्न हुने मितिः २०८०/०९/०३ गते
योजना सम्पन्न भएको मितिः २०८०/११/०६ गते
योजनाको कुल लागतः रु. ५५,५५,५५५।-
महानगरपालिकाबाटः रु. ५०,००,०००/-
जनसहभागिताबाटः रु.५,५५,५५५।-
अध्यक्षः बुद्धि प्रसाद बराल
उपाध्यक्षः बुद्धि राज बराल, सचिवः शिव राज बराल
कोषाध्यक्षः सृजना बराल, सदस्यः कमल प्रसाद बराल
सदस्यः सन्दिप बराल, सदस्यः गिता देवकोटा

**अँधेरी डहर मोहरपानी हुँदै मणिदिप सडक स्तरउन्नती उपभोक्ता समिति पोखरा–१३, कास्की**

# कालीगण्डकी कोरिडोर: १५ महिनापछि बेनी–मालढुङ्गाखण्ड निर्माणमा प्रगति

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ चैत

म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-मालढुङ्गा सडक कालोपत्रका लागि सञ्चालित योजनाको कामले १५ महिनापछि गति लिएको छ।

गण्डकी प्रदेशको भाग्यरेखा मानिएको राष्ट्रिय गौरवको, कालीगण्डकी कोरिडोर सडक आयोजनाअन्तर्गत पर्वतको कुश्मा नगरपालिका-१ मालढुङ्गाबाट जलजला गाउँपालिका-८, ७, ४ र ३ नं वडा हुँदै म्याग्दीको सदरमुकाम बेनी जोड्ने सडक कालोपत्र गर्न सञ्चालित आयोजनाले गति लिएको हो।

बेनी-जोमसोम-कोरला सडक आयोजनाको बेनी-मालढुङ्गा खण्डका इन्जिनियर अच्युतविलास पन्तले चालु आर्थिक वर्षभित्र ५ पाँच किलोमिटरमा अक्सफाल्ट प्रविधिको कालोपत्र र थप पाँच किलोमिटरमा ग्राभेल गरी आगामी २०८१ असोजसम्म पूरै १३ किलोमिटर कालोपत्र गरिसक्ने समय तालिका बनाएर निर्माणलाई तीव्रता दिएको जानकारी दिनुभयो। "नदीजन्य निर्माण सामग्रीको अभावले २०७९ कात्तिकदेखि करिब १५ महिना निर्माण सुस्ताएको थियो", उहाँले भन्नुभयो, "निर्माण व्यवसायीलाई ताकेता र वैकल्पिक स्रोतबाट नदीजन्य सामग्रीको व्यवस्थापन गर्न सहजीकरण भएपछि निर्माणले तीव्रता पाएको छ।"

सडक फराकिलो, पानीको निकासका लागि नाली र पर्खाल निर्माण धमाधम भइरहेको तथा मालढुङ्गाबाट फर्सेसम्मको पाँच किलोमिटर दूरीमा कालोपत्र गर्न सबबेस बिछ्याउन थालिएको इन्जिनियर पन्तले बताउनुभयो। यो खण्डमा चालु आर्थिक वर्षभित्र नै कालोपत्र गरिसक्ने लक्ष्य छ। विभिन्न ठाउँमा करिब एक किलोमिटर ढलान र खोल्सामा कल्भर्ट निर्माण गरिएको छ। सडक फराकिलो बनाउने, नाली र पर्खाल निर्माण भइरहेको फर्सेबाट लामाखेत खण्डमा पनि यस वर्ष ग्राभेल गर्ने तयारी भएको निर्माण कम्पनीका प्रतिनिधिले बताएका छन्। सडकको छेउछाउमा रहेका घरटहरा भत्काउनका लागि केही दिनमा सूचना निकालेर क्षतिपूर्ति वितरण गरिने आयोजनाका प्रमुख ध्रुव भ्फाले बताउनुभयो।

तेह्र किलोमिटर लामो मालढुङ्गा-बेनी सडक स्तरोन्नतिका लागि २०७७ चैतमा एपेक्स-खड्का-कृष्ण जेभीले रु ५२ करोड ८६ लाखमा ठेक्का सम्भौता गरेको थियो। एपेक्स-खड्का-कृष्णको सहायक ठेकेदार ओमकारेश्वर कन्स्ट्रक्सनले ढुङ्गा, गिट्टी, बालुवा र रोडा अभाव भएको जनाउँदै २०७९ कात्तिकदेखि सुस्त गतिमा काम गरेको थियो। कालीगण्डकीबाट नदीजन्य पदार्थ उत्खनन गर्न २०७८ असारमा सर्वोच्च अदालतले रोक लगाएको थियो। विसं २०८० असोजमा म्याद सकिएको यस सडक योजनाको हालसम्मको भौतिक प्रगति २५ प्रतिशत रहेको बेनी-जोमसोम-कोरला सडक आयोजनाले जनाएको छ। आगामी २०८१ असोजसम्मका लागि ठेक्काको म्याद थपिएको छ।

सडक निर्माणमा ढिलाइ हुँदा यातायातका साधन सञ्चालन र यात्रुलाई आवतजावतमा समस्या भएको छ। खाल्डाखुल्डी, धुलो, हिलोका कारण यात्रा गर्न सास्ती भएको म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुविन श्रेष्ठले बताउनुभयो।

"सामान्य अवस्थामा २० मिनेटमा बेनीबाट मालढुङ्गा पुगिन्थ्यो, अहिले एक घण्टा लाग्छ", उहाँले भन्नुभयो "धुलो, हिलो र साँघुरो भएकाले बेनी-बागलुङ-मालढुङ्गाको वैकल्पिक सडक प्रयोग गर्नुपर्दा गाडी र ढुवानी भाडा बढेको छ।" यो सडकबाट म्याग्दी, मुस्ताङ र पर्वतको जलजला गाउँपालिकाका स्थानीय बासिन्दाका साथै पर्यटक र तीर्थयात्री आवतजावत गर्छन्।

बेनी-मालढुङ्गा, बेनी-जोमसोमलगायत म्याग्दीका दूरगामी महत्वका सडक र विकास आयोजना निर्माणमा देखिएको समस्याका विषयमा सङ्घीय, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि, निजी क्षेत्र, नागरिक समाजले सहजीकरण र माथिल्लो निकायमा समन्वय गरेका छन्।

'कामका लागि खाद्यान्न' कार्यक्रमअन्तर्गत २०५२ सालमा खुलेको मालढुङ्गा-बेनी सडक २०६८ सालमा कालोपत्र गरिएको थियो। मुस्ताङको कोरलानाकाबाट दक्षिणको सुनौलीसम्म जोड्ने कालीगण्डकी करिडोरअन्तर्गत यो सडकलाई ११ मिटर फराकिलो पारेर कालोपत्र गर्न लागिएको हो।

# धार्मिक पर्यटनको आकर्षक गन्तव्य बन्दै तनहुँको छिम्केश्वरी

**पोखरापत्र संवाददाता**
पोखरा, १३ चैत

समुद्र सतहबाट दुई हजार एक सय ३४ मिटर उचाइमा अवस्थित तनहुँको छिम्केश्वरी मन्दिर क्रमशः धार्मिक पर्यटकीयस्थलका रूपमा विकास भइरहेको छ।

आँबुखैरेनी गाउँपालिका-५ छिम्केश्वरीमा रहेको प्रसिद्ध धार्मिकस्थल छिम्केश्वरी माइ गाउँपालिकाकै प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्यस्थल हो। पृथ्वीराजमार्गको आँबुखैरेनीदेखि लाब्दीसम्म १५ किलोमिटर जीप यात्रा र छोटो पदयात्रापछि छिम्केश्वरी पुगिन्छ। यहाँबाट देखिने अपि, सैपाल, धौलागिरि, अन्नपूर्ण, मनास्लु, बुद्ध हिमालका मनोरम दृश्यले जोकोहीलाई मोहित बनाउछ। पछिल्लो समय छिम्केश्वरीमा पूजाआजा र दर्शनका लागि दैनिक भक्तजन तथा आन्तरिक पर्यटक आउने क्रम बढेको छ। छिम्केश्वरीमा दैनिक ५० देखि एक सयको हाराहारीमा आन्तरिक पर्यटक आउने गरेका छन्। यहाँ विशेषगरी नयाँवर्ष र होलीका बेला भक्तजनको घुइँचो लाग्ने गरेको छ। यस वर्षको होलीमा गत आइतबार पाँच हजार भक्तजनले पूजाआजा गरेको छिम्केश्वरी पर्यटन विकास समितिका अध्यक्ष कृष्ण तामाङले राससलाई जानकारी दिनुभयो।

यो मन्दिरमा तनहुँका अतिरिक्त छिमेकी जिल्ला लमजुङ, गोरखा, चितवनबाट पनि भक्तजन आउने गरेका मन्दिरका पुजारी धनराज गुरुङ बताउनुहुन्छ। उहाँका अनुसार एकादशी र औँसी बाहेकका दिनमा पूजाआजा हुने यस मन्दिरमा पशुबली दिने परम्परा पनि छ। गोरखा मनकामनाकी दिदीका रूपमा पुजिँदै आएकी छिम्केश्वरीमाईमा पूजा गरेपछि मनोकाङ्क्षा पूरा हुने धार्मिक विश्वास छ।

गण्डकी प्रदेश सरकारले घोषणा गरेको एक सय दश पर्यटकीय गन्तव्यमा सूचीकृत छिम्केश्वरीमा रु ४५ लाखको लागतमा छिम्केश्वरी मन्दिर पुनर्निर्माण हालै पूरा भएको छ। प्रदेश सरकारको सहयोगमा पैदलमार्ग र रेलिङ निर्माण गरिएको छ। आर्थिक वर्ष ०७५/७६ मा रु ४१ लाख ६३ हजार सात सयको लागतमा चार सय ८६ मिटर ढुङ्गाको सिढी निर्माण सम्पन्न भएको छ भने आर्थिक वर्ष ०७६/७७ मा रु ३५ लाख ९९ हजार एक सय ४१ को लागतमा तीन सय पाँच मिटर ढुङ्गाको सिढी र रेलिङ निर्माण सम्पन्न भइसकेको छ। आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले गाउँपालिकाले छिम्केश्वरीलाई प्राथमिकतामा राखेको बताउनुभयो। उहाँले भन्नुभयो, "गाउँपालिकाकै सक्रियतामा मन्दिर पुनर्निर्माण भएको छ। यसको थप विकासका लागि योजना बनाउँदैछौं।"

छिम्केश्वरीसम्म पुग्ने सडकमा कालोपत्र सुरु भएको छ। गण्डकी प्रदेश सरकारको सहयोगमा यस खण्डमा कालोपत्र गर्न लागिएको हो। सडक कालोपत्रका लागि प्रदेश सरकारबाट रु आठ करोड ४७ लाख र सङ्घ सरकारबाट समपुरक कोष अन्तर्गत रु ८ करोड ४७ लाख बजेट विनियोजन भएको छ। सडक कालोपत्रको काम काठमाडौँस्थित शर्मा एण्ड काष्टमण्डप जेभीले ठेक्का पाएको छ। छिम्केश्वरी पुग्ने भक्तजनको सहजताका लागि छिम्केश्वरीको काखमा घरबास समेत सञ्चालन भएका छन्। आँबुखैरेनी गाउँपालिका-६ स्थित पर्यटकीय गाउँ हिलेखर्कमा स्थानीयवासीले घरबास सञ्चालन गरेका हुन्। गुरुङ समुदायको बाहुल्य रहेको यहाँका घरबासमा आउनेलाई कोदो तथा फापरको ढिँडो, फापर र कोदोको सेलरोटी, भुटेको भटमास, गुन्द्रुकको अचार दिइने गरेको घरबास व्यवस्थापन समितिका अध्यक्ष बाटुमाया गुरुङले जानकारी दिनुभयो।

हिलेखर्कमा रहेका दुई वटा घुमाउने घरले पनि यहाँ पुग्ने सर्वसाधारणलाई लोभ्याउने गरेको छ। छिम्केश्वरी पर्यटन विकास समितिले भक्तजनबाट चन्दा सङ्कलन गरी छिम्केश्वरी मन्दिर संरक्षण गर्ने भएको छ। मन्दिरको समग्र विकासका लागि भक्तजनबाट चन्दा सङ्कलन गरिने समितिले जनाएको छ। समितिले मन्दिर संरक्षण, पुजारी व्यवस्थापन, भक्तजन विश्रामस्थल एवं उनीहरूको सुरक्षा, सार्वजनिक शौचालय निर्माणलगायत अधिकभन्दा अधिक पर्यटक आकर्षित गर्न मन्दिर क्षेत्रमा आधारभूत भौतिक पूर्वाधार निर्माणको योजना बनाएको पालिका अध्यक्ष चुमानले बताउनुभयो।

# भीमसेन थापामा 'विद्यार्थी खोजौँ र विद्यालय बचाऔँ' अभियान

**पोखरापत्र संवाददाता**
गोरखा, १३ चैत

विद्यालय बाहिर कोही पनि बालबालिकालाई रहन नदिने र सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना गराउने अभियानस्वरुप गोरखाको भीमसेन थापा गाउँपालिकाले 'विद्यार्थी खोजौँ र विद्यालय बचाऔँ' भन्ने अभियान सञ्चालन गरेको छ।

पालिकाले सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या बढाउने रणनीतिकस्वरुप पनि अभियान सञ्चालन गरेको गाउँपालिकाका अध्यक्ष लोकप्रसाद बज्जराले जानकारी दिनुभयो। विद्यालयभन्दा बाहिर कोही पनि बालबालिका रहन नदिने गाउँपालिको योजनालाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न अभियान नै सञ्चालन गरिएको उहाँको भनाइ छ। "सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्दै लैजानका लागि पनि गाउँपालिकाले थप योजना बनाएर कार्यान्वयन गरिरहेको छ", उहाँले भन्नुभयो, "यसले सामुदायिक विद्यालयप्रति विद्यार्थीको आकर्षण पनि विस्तारै बढ्दै जानेछ।"

त्यस्तै सामुदायिक विद्यालयप्रति सबैको विश्वास अभिवृद्धिका लागि पालिकाभित्र सार्वजनिक पद धारण गरेका व्यक्तिले अनिवार्यरुपमा आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा भर्ना गर्नुपर्ने निर्णयसमेत गाउँपालिकाले गरेको छ। "सामुदायिक विद्यालयप्रति सबै अभिभावक र बालबालिकाको आकर्षण गर्न पहिले पालिकाभित्रका सार्वजनिक पद धारण गरेका व्यक्तिले पनि आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा पढाउनुपर्छ भन्ने हाम्रो जोड छ", उहाँले भन्नुभयो, "अनि मात्र अरुलाई पनि सामुदायिक विद्यालयमा बालबच्चा पढाउनुस् भन्नसक्ने नैतिकता हामीलाई हुन्छ।"

पालिकाभित्र सार्वजनिक पदमा बहाल रहेका जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा अभिभावक सङ्घका पदाधिकारीले आगामी शैक्षिकसत्र २०८१ देखि अनिवार्यरुपमा बालबालिकालाई सामुदायिक विद्यालयमा पढाउनुपर्ने उहाँले बताउनुभयो।

"पालिकाभित्र रहेका बालबालिकालाई गुणस्तरीय शिक्षा दिएर सबल र सक्षम बनाउनु गाउँपालिकाको जिम्मेवारी हो", अध्यक्ष बज्जराले भन्नुभयो, "हामीले निजी विद्यालयले प्रदान गर्नेभन्दा पनि गुणस्तरीय शिक्षा प्रदान गर्न सक्नुपर्छ र त्यसका लागि सबैले भूमिका खेल्नुपर्छ।"

गाउँपालिकाले पालिकाभित्रका सबै वडामा सार्वजनिक पद धारण गरेका व्यक्तिका बालबालिका निजी वा संस्थागत विद्यालयमा अध्ययनरत भए विवरणसहितको जानकारी पालिका शिक्षा शाखामा पठाउन पनि सबै वडालाई निर्देशन दिएको छ।

# हाँडीकोटमा पर्यटन महोत्सव

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ चैत

बिस्तारै पर्यटक पुग्दै गरेको हाँडीकोटको प्रचारप्रसारमा स्थानीय युवाले सक्रियता बढाएका छन्। हाँडीकोट टापुमा केही वर्षदेखि मेला महोत्सव गरेरै आन्तरिक पर्यटक पुऱ्याउन थालिएको हो।

हाँडीकोटमा यस वर्षको फागु पूर्णिमामा पनि पाँचौं हाडीकोट महोत्सव भयो। कुनै ठूलो सहरको मेला महोत्सवको भ्फल्को दिने गरी यस वर्षको महोत्सवमा आन्तरिक पर्यटक हाँडीकोट टापु पुगेका छन्। हाडीकोट सामुदायिक विकास केन्द्र राङखानीले फागु पूर्णिमाको अवसर पारेर महोत्सव आयोजना गरेको हो।

हाँडीकोट चिनाउनकै लागि केही वर्षदेखि मेला र महोत्सवको माध्यमबाट प्रचार थालिएको केन्द्रका अध्यक्ष धर्मराज थापाले जानकारी दिनुभयो। यस पटक चैतको ८ देखि १२ गतेसम्म विविध कार्यक्रम गरेर आफ्नो संस्थाको वार्षिकोत्सवसँगै हाँडीकोटमा महोत्सव आयोजना गरिएको थापाले बताउनुभयो।

महोत्सवमा आयोजना गरिएका भलिबल खेलमा सहभागी हुने खेलाडी, सांस्कृतिक कार्यक्रममा सहभागी हुने कलाकार र महोत्सव हेर्न आएका दर्शकले हाँडीकोटको प्रचार गर्ने संस्थाको विश्वास छ। महोत्सवमा स्थानीय कलासंस्कृतिको प्रस्तुतिका साथै स्थानीय परिकार पनि प्रदर्शनी गरिएको थियो। यसले हाँडीकोटसँग जोडिएको गाउँको आर्थिक विकासमा सहयोग गर्ने संस्थाको बुझाइ छ।

यस वर्ष संस्थाले चर्चित टेलिभिजन कार्यक्रम इन्द्रेणीको छायाङ्कन समेतको व्यवस्था मिलाएको थियो। महोत्सवमा इन्द्रेणी समूहलाई प्रस्तुतिका लागि बोलाएर त्यही कार्यक्रम छायाङ्कन हुँदा टेलिभिजनमार्फत हाँडीकोटको प्रचारप्रसार देश-विदेशसम्म गर्ने प्रयास गरिएको थापाले बताउनुभयो। सडकले जोडिएपछि हाँडीकोटमा नियमित रूपमा पर्यटक पुग्न सजिलो रहेको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्मा बताउनुहुन्छ। हाँडीकोटको पर्यटन विकास र यसलाई अभ्फै आकर्षण बनाउनका निम्ति भौतिक पूर्वाधार निर्माण गर्न नगरपालिकाले लगानी बढाएको छ। हालसम्म दृश्यावलोकन स्तम्भ निर्माण, प्रतीक्षालय निर्माण, मन्दिर निर्माणका लागि रु २२ लाख खर्च गरिसकेको छ। खानेपानी व्यवस्थापनका लागि रु नौ लाखमा ट्याङ्की निर्माण गरिएको उपप्रमुख शर्माले बताउनुभयो। हाँडीकोट चौबिसे राज्यको पालामा रहेको भुरेटाकुरेमा गनिन्छ। त्यसैले यहाँ पुरातात्विक महत्वका क्षेत्र पनि छन्। भुरेटाकुरे राजारजौटाले प्रयोग गरेका कतिपय सामग्री यहाँ सङ्ग्रह गरेर राखिएको छ। त्यसका लागि सङ्ग्रहालय बनाएर संरक्षण गर्ने नगरपालिकाको योजना रहेको छ। ब्याडथला र डाँडाखानीबाट दुई हजार दुई सय मिटर अग्लो हाँडीकोट उक्लेपछि वरपरकासबैबस्तीसमेतदेखिन्छन्। हाँडीकोटको नजिकका डाँडाखानी र ब्याडथलामा सामुदायिक घरबास सञ्चालनमा छन्। घरबासमा खाना र बस्नका निम्ति राम्रो व्यवस्था छ। घरबासमा बस्न नचाहने पर्यटकका लागि नजिकै नान्दुकबजारमा होटल पनि पर्याप्त मात्रामा छन्। पर्यटन प्रवर्द्धनको उद्देश्य राखेर हरेक वर्ष हाँडीकोट महोत्सव गरिँदै आएको छ। सदरमुकाम बागलुङ बजारदेखि तीन घण्टाको मोटरयात्रामा ब्याडथला पुग्न सकिन्छ। यहाँ खुलेको आकाश, कोपिला लागेका गुराँस र बिहान-बेलुकाको सिरेटो अनि पुरातात्विक संरचना रहेका छन्। निर्माणाधीन अवस्थामा रहेको दृश्यावलोकन स्तम्भ, शिव मन्दिर सत्तल र प्रकृतिको उहार प्रयोगविहीन जस्ते छन्। सहरको कोलाहल र प्रदूषण छाडेर हाँडीकोट पुग्दा मन आनन्द हुन्छ। माछापुच्छ्रे, अन्नपूर्ण, धौलागिरि जस्ता दर्जनौं हिमशृङ्खलाको मनमोहक दृश्यले हाँडीकोट पुग्ने जोकोहीलाई प्रफुल्लित बनाउँछ। बिहानी सूर्योदयको पहिलो किरणदेखि बेलुकी सूर्यास्तसम्म हिमालले अनेक रङ्ग फेर्छ। तल हरियाली वनजङ्गल डाँडामा पुग्दा बादलभित्र हराएजस्तो अनुभूति हुन्छ।

यो दृश्य आफैँमा एउटा सुन्दर कला भएको भानसमेत हुने गरेको त्यहाँ पुग्ने पर्यटकको अनुभूति छ। बाग्लुङको जैमिनी नगरपालिकामा रहेको हाँडीकोट टापुबाट देखिने केही दृश्य साँच्चिकै अद्भुत लाग्दछन्। जैमिनीको वडा नं १० राङखानी, वडा नं ७ जैदी र वडा नं ८ छिस्तीको सङ्गमस्थल हाँडीकोट हो। समुद्री सतहदेखि दुई हजार एक सय ९५ मिटर उचाइमा रहेको हाँडीकोटमा वर्षाको समयमा जुकाको समस्या, हुस्सु र कुहिराले ढाकिने गर्छ। हाँडीकोटले जति प्राकृतिक र पौराणिक महत्व बोकेको छ, त्यति पर्यटक भित्र्याउन नसकेको स्थानीय बताउँछन्। समथर जमिन, राजदरबारका भग्नावशेष, मन्दिर र शिला सुसज्जित पहाड खोँचमा मडारिएको बादलसँग तस्बिर खिचाउने आजभोलि दिनदिनै हाँडीकोट पुग्ने गरेका छन्।

# नेत्रज्योति सङ्घद्वारा एक वर्षमा ३३ लाखभन्दा बढीको आँखाको उपचार

**रासस**
काठमाडौं, १३ चैत

नेपाल नेत्रज्योति सङ्घले एक वर्षमा आफ्नो मातहतका अस्पताल, उपचार केन्द्र र जिल्ला शाखामार्फत ३३ लाखभन्दा बढीको आँखा जाँच तथा उपचार गरेको जनाएको छ।

सङ्घले ४६औँ नेत्रज्योति दिवसका अवसरमा आज यहाँ पत्रकार सम्मेलन गरी सन् २०२३ मा आफ्नो मातहतका २८ अस्पताल, १५६ आँखा उपचार केन्द्र र ४३ जिल्ला शाखामार्फत् आठ लाख पाँच हजार विदेशीसहित ३३ लाख छ हजार २६ जनाको स्वास्थ्योपचार गरेको स्पष्ट गरेको छ।

सङ्घका अध्यक्ष प्रा डा चेतराज पन्तले सङ्घीय र प्रदेश सरकार, स्थानीय तह, स्वदेशी तथा विदेशी दातृ निकाय एवं समाजसेवीसमेतको सहयोगमा गरिब तथा असहायलाई प्राथमिकता दिँदै दुई लाख ६५ हजार ८८५ जनाको शल्यक्रिया गरेको जानकारी दिनुभयो।

पहुँच र पैसाको अभावमा कुनै पनि नेपाली आँखा रोगको उपचार गर्नबाट वञ्चित हुनु नपर्ने उल्लेख गर्दै अध्यक्ष पन्तले भन्नुभयो, "सहयोग र सहकार्यको अवधारणाबमोजिम हाम्रो संयन्त्र देशभर क्रियाशील छ, चेतनाको कमीले अभ्फै पनि केही मानिस अस्पताल आउन डराइरहेका छन्, तिनलाई अस्पतालसम्म ल्याउने वातावरण निर्माण गर्न सञ्चारकर्मी मित्रहरूसँग अनुरोध गर्दछु।" महासचिव भरतबहादुर चन्दले स्थापनाकालदेखि हालसम्म ५१ लाख ३३ हजार ६५९ जनाको शल्यक्रिया उपचारसहित चार करोड ३६ लाख जना आँखाका बिरामीलाई स्वास्थ्य सेवा दिन सफल अन्धोपनमुक्त नेपालका पक्षमा क्रियाशील सङ्घलाई समाजका सबै क्षेत्रबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो।

नेपालमा ४५ वर्षअघि पाँच जनामात्र आँखारोगसम्बन्धी विशेषज्ञ चिकित्सक रहेकोमा अहिले ८०० भन्दा बढीले सेवा प्रदान गरिरहेका छन्।

अहिले मित्रराष्ट्र भारत, बङ्गलादेश र भुटानका बिरामीसमेत आँखा उपचारका लागि नेपाल आउने गरेको सङ्घले जनाएको छ। प्रविधिको विकाससँगै करिब दुई दशकभन्दा अघि सात दिन लाग्ने आँखाको शल्यक्रिया अहिले जम्मा दुई दिनमा सम्भव हुने भएको छ।

# निःशुल्क स्वास्थ्य शिविरमा दुई सयभन्दा बढी लाभान्वित

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ चैत

म्याग्दीको सदरमुकाम बेनीबजारमा सञ्चालित लोकदीप बचत तथा ऋण सहकारी संस्थाको ११औँ स्थापना दिवसका अवसरमा सोमबार आयोजित स्वास्थ्य शिविरमा दुई सयभन्दा बढी लाभान्वित भएका छन्।

सहकारीका शेयर सदस्यलाई लक्ष्य गरी आयोजित निःशुल्क मधुमेह, उच्च रक्तचाप र दाँत जाँच शिविरमा दुई सय नौ जनाले सेवा लिएका छन्। शिविर उद्घाटन गर्दै सहकारी सङ्घ म्याग्दीका अध्यक्ष दीपक कार्कीले वित्तीय सेवामात्रै नभई सहकारीले शेयर सदस्य लक्षित स्वास्थ्यलगायतका सामाजिक कार्यमा केन्द्रित हुनुपर्ने बताउनुभयो। स्थापना दिवसका अवसरमा प्रमुख अतिथि सहकारी सङ्घका अध्यक्ष कार्की र सहकारीका सल्लाहकार पुष्कलबहादुर जोशी, तेजबहादुर भण्डारी र चन्द्रबहादुर क्षेत्रीले संयुक्त रूपमा कार्यक्रम उद्घाटन गर्नुभएको थियो। शिविरमा मधुमेह, उच्च रक्तचाप र दाँतको जाँच तथा अन्य स्वास्थ्य समस्याका बारेमा जानकारी गराइएको थियो। शिविरमा बेनी अस्पतालका मेडिकल अधिकृत डा गोविन्द पोखेल, कोर स्माइल डेन्टल क्लिनिकका डा मोचन श्रेष्ठ र बेनी अस्पतालमा प्रयोगशाला प्राविधिक सहयोगी सीताराम श्रेष्ठले परीक्षण गर्नुभएको थियो।

सहकारीले स्थापना दिवसमा बेनी अस्पतालमा रक्तदान, बालगृहका बालबालिकालाई सहयोगसहित सहकारी सदस्य केन्द्रित विभिन्न कार्यक्रम सञ्चालन गर्ने सहकारीका प्रबन्धक नेत्रराज सुवेदीले बताउनुभयो।